तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०८० /०८१
चलानी नं:

## नदिजन्य पदार्थ तथा अन्य वस्तुको निकासी कर व्यवस्थापन सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०८१/०३/३०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २(घ)एवं तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन,२०८१ अनुसार निकासीकर व्यवस्थापन प्रयोजनार्थ बोलपत्र पेश गर्न इच्छुक मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म/कम्पनि/ प्रा.लि.ले तोकिएको न्युनतम अंकमा नघट्ने गरी वढावढका आधारमा प्रतिस्पर्धा हुने गरी वोलपत्र Ebidding/Hardcopyको माध्यमबाट वा यस कार्यालयबाट वोलपत्र खरिद गरी पेश गर्न सम्वन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ ।इच्छुक फर्म/कम्पनि/प्रा.लि.ले बोलपत्र वापतको रकम यस कार्यालयको नेपाल मेगा इन्भेष्टमेन्ट मेगा बैंक तुलसीपुर दाङ स्थित ०३१०१४००२५००९२मा जम्मा गरी बोलपत्र पेश गर्न सम्वन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक ( भ्याट बाहेक) | वोलपत्र दस्तुर | धरौटी रकम | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|
| १ | तुलसीपुर उपमहानगरपालिका अर्न्तगत नदिजन्य पदार्थ तथा अन्य बस्तुको निकासी कर व्यवस्थापन ठेक्का | रा. १८ /०८१/०८२ | २७,००,०००।- | ३,०००।- | कवोल अंकको ५ प्रतिशत | ५ वर्ष |

प्रमुख प्रशासकीय अधिकृत

इमेल: tulsipursubmun2073@gmail.com सम्पर्क नं.: ०८२५२०३०५-५२०२३३ दमकल: ०८२-५२०३०५

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०८० /०८१
चलानी नं:

प्रमुख प्रशासकीय अधिकृत

शर्त तथा वन्देजहरु :

निकासी करको दर रेट तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ अनुसार तपसिल बमोजिमको हुनेछ ।

तपसिल

| क.स | विवरण | दरहरु रु | इकाइ |
|---|---|---|---|
| १ | ह्युम पाइप– ४५ से मि व्याज सम्म | १५।०० | प्रति गोटा |
| २ | ह्युम पाइप– ४५ से मि व्याज भन्दा माथि | २०।०० | प्रति गोटा |
| ३ | बिद्युत पोल सिमेन्ट | १५।०० | प्रति गोटा |
| ४ | मैदा | १०।०० | प्रति क्वी |
| ५ | तयारी प्लाइउड | १०।०० | प्रति पिस |
| ६ | विभिन्न खाने तेल | १।०० | प्रति लि |
| ७ | नदि जन्य पदार्थ | | |
| क | प्रशोधन भएको वालुवा वा गिट्टी | १।५० | प्रति क्यु फिट |
| ख | प्रशोधन नभएको बालुवा वा गिट्टी | १।०० | प्रति क्यु फिट |
| ग | क्रसिंग गरिएको सबै खालको गिट्टी | २।०० | प्रति क्यु फिट |
| घ | ढुंगा | १।०० | प्रति क्यु फिट |
| ८ | क्लिङकर(सिमेन्ट उद्योग) निकासी | १०.०० | प्रति टन |
| ९ | काठजन्य उत्पादन | | |
| **क** | साल सिसौ चिरान काठ | १५००.०० | प्रति ट्रक |
| **ख** | साल ,सिसौ ,गोलिया काठ | १०००.०० | प्रति ट्रक |
| **ग** | खयरकाठ | २५००.०० | प्रति ट्रक |
| **घ** | अन्य चिरान काठ | १०००.०० | प्रति ट्रक |
| **ङ** | अन्य गोलिया काठ | ५००.०० | प्रति ट्रक |
| **च** | सबै जर्ना | ५००.०० | प्रति ट्रक |
| **छ** | बास | १.०० | प्रति गोटा |
| १० | ब्रान, पिना | १.५० | प्रति क्वी |

इमेलः tulsipursubmun2073@gmail.com सम्पर्क नं.: ०८२५२०३०५-५२०२३३ दमकलः ०८२-५२०३०५

पत्र संख्याः२०८० /०८१
चलानी नं:

२.बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस तुलसीपुर उपमहानगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ,तुलसीपुर दाङ स्थित ०३१०१४००२५००३०नं को धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३.सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयबाट तोकिए बमोजिमको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरि ३१ औं दिनको १२:०० बजे भित्र रित पुर्वक बोलपत्र पेश गर्नु पर्नेछ ।

४.बोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

५.बोलपत्र स्वीकृत भएको तथा नविकरणको सूचना पाएको मितिले १५दिनभित्र कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै बांकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको पुष मसान्त भित्र तथा २०% ले हुन आउने तेश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो र तेश्रो किस्ता रकम बरावरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम र १०% का दरले जरिवाना वापतको हर्जाना रकम समेत अशुल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हक दावी गर्न पाउने छैन ।

६. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ (सात) दिन श्रावण ७ गते भित्र ठेक्काको नविकरण गराई सक्नु पर्नेछ ।

७.कुनै पनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय वाध्य हुने छैन ।

८. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन

९. ठेक्कामा संघीय तथा प्रदेश सरकारसंग वा प्रचलित कानून वमोजिम अनुमति लिनु पर्ने भएमा अनुमति लिएर मात्र कार्य संचालन गर्ने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३


पत्र संख्याः२०८० /०८१
चलानी नं:

१०.कर असुल गर्ने स्थानमा निकासी करको दररेट राखी कर व्यवस्थापन गरिनेछ। यसको लागि आवश्यकता अनुसार स्थानीय प्रशासन एवं कारोवारवाला निकायहरुको समन्वय र सहजिकरण तुलसीपुर उपमहानगरपालिकाको कार्यालयबाट गरिनेछ ।

११.तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रको काठ निकासी ठेक्कामा सम्वन्धित डिभिजन वन कार्यालयको चलानीको आधारमा कर असुल गरिनेछ ।

१२.वनजन्य वा अन्य उत्पादनको कर असुली गर्दा उपहानगरपालिकामा उत्पादन भई बाहिर निकासी हुने बखतमा मात्र कर असुल गरिनेछ ।

१३.बार्षिक कवोल अंकलाई आधार मानी आ.व.०८१।८२को हकमा दामासाहिले गणना गरी कुल सम्झौता रकम कायम गरिनेछ । बाँकी वर्षहरुमा कवोल अंकको १० प्रतिशत बृद्धि गरी उक्त अंकलाई नै न्यूनतम कवोल अंक मानिनेछ ।

१३.यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।


इमेल: tulsipursubmun2073@gmail.com सम्पर्क नं.: ०८२५२०३०५-५२०२३३ दमकल: ०८२-५२०३०५